# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०७७।७८
चलानी नं.:

मिति: २०७७।१०।२८

विषय: प्रस्तावना पेश गर्ने बारेको सूचना ।

श्री सबै सामुदायिक विद्यालयहरु,
कालिका नगरपालिका चितवन ।

प्रस्तुत विषयमा यस कालिका नगरपालिकाको आ.व. २०७७।७८ को स्वीकृत कार्यक्रममा समावेश भएको विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतका तपसीलमा उल्लेखित कार्यक्रमहरु कार्यान्वयनका लागि यो सूचना प्रकाशन भएको मितिले सात दिन भित्रमा प्रस्तावना पत्र पेश गर्नका लागि यस कालिका नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघे पछि प्राप्त प्रस्तावना उपर आवश्यक कारवाही नगरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

तपसील:

१. WASH सुविधा भएको शौचालय निर्माण: २ कोटा– प्रति कोटा रु ७ लाख मात्र

२. माध्यमिक विद्यालय पुस्ताकालय स्थापना तथा व्यस्थापन: १ कोटा - प्रति कोटा रु ६ लाख ५० हजार मात्र)

.३ शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग अनुदान: १ कोटा - प्रति कोटा रु ६ लाख ५० हजार मात्र )

४. माध्यमिक विद्यालय विज्ञान प्रयोगशाला अनुदान: १ कोटा - प्रति कोटा रु ६ लाख ५० हजार मात्र)

५. गणित, विज्ञान र अंग्रेजी विषयका लागि सामग्री - Kits) अनुदान, आधारभुत तह १– ८ संचालित विद्यालयलाई मात्र: १ कोटा ( प्रति कोटा ५० हजार मात्र)

६. तोकिएको सूचकांकको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान: ५ कोटा ( प्रति कोटा रु ५० हजार मात्र)

७. उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान: १ कोटा– प्रति कोटा रु २ लाख मात्र)

**प्रस्तावना पत्रका साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु र शर्त:**

१. विद्यालयले प्राप्त गर्न चाहेको कार्यक्रमको अलग अलग प्रस्तावना पत्र ।

२. विगत वर्षहरुमा प्रदेश सरकार, शिक्षा विकास तथा समन्वय इकाइ र यस नगरपालिका लगायत अन्य संघ संस्थाहरुबाट प्राप्त नभएको कार्यक्रम हुनु पर्ने छ ।

३. विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि ।

**उप सचिव**

४. पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचान प्रविधिका लागि अलग्गै कक्षाकोठा उपलब्ध हुने सुनिश्चितता सहितको पत्र ।
५. कार्य सम्पादनमा आधारित अनुदानका लागि कालिका नगरपालिकाबाट तयार गरिएको कार्य सम्पादन फाराम भर्नु पर्नेछ र  कार्य सम्पादन सूचकका आधारमा विद्यालयले शैक्षिक गुणस्तर सुधारका   क्रियाकालाप सहितको  योजना ।
६. उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान का लागि कालिका नगरपालिकाबाट तयार गरिएको  कार्य सम्पादन फाराम भर्ने, कार्यसम्पादन सूचकका आधारमा विद्यालयले शैक्षिक गुणस्तर सुधारका  क्रियाकालाप योजना  र कक्षा ८, १० र १२ को विगत ३ बर्षको रिजल्ट सीट ।
७. सबै प्रस्तावको लागि सम्बन्धित वडा कार्यालयको सिफारिश ।
१०. माध्यमिक विद्यालय पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान, शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग अनुदान र माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम विगतका वर्षहरुमा सबै माध्यमिक विद्यालयहरुले प्राप्त गरिसकेको भएमा कक्षा १– ८ संचालन भएका आधारभुत विद्यालयहरुलाई प्रस्तावना पत्रका आधारमा छनौट गरिने छ ।
११. कार्यक्रम प्रस्तावको नमूना यसै साथ संलग्न गरिएको छ ।

उपसचिव
शिक्ष, युवा तथा खेलकुद शाखा

बोधार्थ:
श्री सूचना प्रविधि अधिकृत, कालिका नगरपालिका नगरपालिकाको Website मा Upload गरिदिनुहुन ।

## कार्यक्रम प्रस्तावैको नमूना

१. विद्यालयको विवरण: यस अन्तर्गत विद्यालयको संक्षिप्त विवरण, अनुमति प्राप्त मिति, संचालित कक्षा, कक्षगत तथा तहगत रुपमा विद्यार्थी विवरण शिक्षक विवरण, कक्षा कोठा विवरण, शौचालय लगायत अन्य अति आवश्यक विवरण

२. प्रस्तावित कार्यक्रमको विवरण:

क. कार्यक्रमको नाम:

ख. कार्यक्रमको पृष्ठभूमी, आवश्यकता र औचित्य समेत

ग. कार्यक्रमको उद्देश्य:

घ. सम्पादन गर्नु पर्ने मुख्य मुख्य कामहरु

ङ. कार्यक्रमबाट प्राप्त हुने उपलब्धीहरु:

च. कार्यक्रम सम्पन्न गर्ने कार्ययोजना:

| क.सं. | क्रियाकलाप | कार्यान्वयन विधि तथा प्रक्रिया | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

छ. प्रस्तावित बजेट:

अ.. माग गरिएको रकम:

आ. विद्यालयको आन्तरिक स्रोतबाट व्यहोरिने रकम:

| क.सं. | विवरण | इकाइ | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

३. विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि:

४. सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र

विद्यालयको तर्फबाट:

प्र.अ.को नाम थर:
हस्ताक्षर:

मिति:

विद्यालयको छाप: